CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #९७

१० ।११ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## अब निम्न प्रयोगशालाहरुले मात्र कोभिड - १९ पि.सि.आर. परीक्षण गर्नेछन्




**१ प्रदेश १**
कोशी अस्पताल, वि. पि. कोईराला स्वास्थ्य विज्ञा प्रतिष्ठान, मेची अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला

**२ प्रदेश २**
नारायणी अस्पताल, गजेन्द्रनारायण सिं अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला

**३ बागमती प्रदेश**
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, धुलिखेल अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, भरतपुर अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, भक्तपुर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल, हेटौडा अस्पताल, प्रहरी अस्पताल, सैनिक अस्पताल, शसस्त्र प्रहरी अस्पताल

**४ गण्डकी प्रदेश**
प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बागलुङ अस्पताल

**५ लुम्बिनी प्रदेश**
भेरी अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, राप्ति स्वास्थ्य विज्ञान प्रतिष्ठान

**६ कर्णाली प्रदेश**
प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

**७ सुदूरपश्चिम प्रदेश**
प्रदेश जनस्वास्थ्य प्रयोगशाला, डडेलधुरा अस्पताल

स्रोत: https://cutt.ly/4lfYbPi

## नेपाल अपडेट



लैंगिक समावेशिकरण विषयक छलफलमा सहभागी धनगढी उप-महानगरको सुकुमबासी वस्तीका महिलाहरु

तस्विर: आयुश यगोल श्रेष्ठ

### परिक्षण

पिसिआर परिक्षण: २१,४३,३१५

पोजेटिभ: २,७३,५५६

उपचाररत: १,५२९

मृत्यु : २०६१

सन्चो भएका : २,६९,९६६




accountabilitylab NEPAL

# हल्ला र तथ्य



विश्व बजारमा कोरोना विरुद्धको खोप अभाव छ भन्ने सुनिन्छ । सर्वसाधारणले यो खोप लिन कहिलेसम्म कुर्नुपर्ने हो ?

विश्वव्यापी रुपमा खोपको सहजता नभएको र अहिले नेपालमा प्रयोग भईरहेको कोभिसिल्ड खोपलाई निरन्तरता दिँदा आपूर्ति तथा प्रयोग सहज देखिएकोले उक्त खोपको २० लाख डोज खरिद गर्ने निर्णय गरी सरकारले सम्झौता समेत गरिसकेको छ । त्यसैले, सर्वसाधारणले पनि यो खोप चाँडै पाउनेछन् । यस अन्तरगत १० लाख डोज २०७७ साल फागुन ९ गते नेपाल आईसकेको छ । फागुन २३ गते देखी सञ्चालन हुने खोप अभियानका लागि, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र मार्फत जिल्ला स्थित स्वास्थ्य कार्यालयबाट देशभरका खोप केन्द्रहरुमा खोप वितरण गर्ने पनि सरकारले जनाएको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/2077-magh-15-19-falgun-06



प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएकाले सबैले रोजगारी पाउँछन र ?

सरकारको तथ्यांक हेर्ने हो भने, आ.व. २०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका जम्मा ७ लाख ४३ हजार बेरोजगार मध्ये अहिले सम्म १ लाख ५ हजार बेरोजगारले रोजगारी पाईसकेका छन् । चालु आ.व.मा थप २ लाख बेरोजगार व्यक्तिलाई रोजगारी उपलब्ध गराउने सरकारको योजना रहेको छ । त्यसै गरेर, न्युनतम १०० दिनको काम नपाउनेलाई न्युनतम ज्यालाका आधारमा बेरोजगार भत्ता उपलब्ध गराउने पनि भनिएको छ, तर त्यसको प्रावधान के हुन्छ भन्ने स्पष्ट भनिएको छैन ।

स्रोत: https://cutt.ly/Ok1MUWv



साउदी अरबबाट पुन: प्रवेश भिषामा नेपाल आएकाहरु अब साउदी अरब फर्किन नपाउने भन्ने सुनिन्छ नी ?

साउदी सरकारले साउदी अरबमा कार्यरत श्रमिक पुन: प्रवेश भिषा (Re-entry) मा स्वदेश गएमा आप्रवासी कामदार सो भिषा अवधि सकिनु अगाडी नै काममा फर्किसक्नुपर्ने भनेको छ । यसरी समयमै नफर्किएमा त्यस्ता श्रमिकलाई ३ वर्षसम्म साउदी अरब प्रवेश गर्न नपाउने गरी प्रतिवन्ध लगाईएको छ ।

स्रोत: https://cutt.ly/TkhZrlD



लकडाउनको बेला पारिश्रमिक नपाएका कामदारले तलब पाउने भन्ने सुनिन्छ । साँचो कुरा के हो ?

उद्योग प्रतिष्ठानले श्रमिकलाई २०७६ चैत्र महिनाको पारिश्रमिक लकडाउन अवधी समेतका लागि साविक बमोजिम भुक्तानी गर्नुपर्ने निर्णय सरकारले गरेको छ । जस अन्तरगत, २०७७ बैशाख महिनाको लागि ५० प्रतिशत पारिश्रमिक भुक्तानी गरी फरफारक गर्ने र २०७७ जेष्ठ महिनाको हकमा लकडाउनको कारण काममा उपस्थित हुन नसकेका श्रमिकले पाउने पारिश्रमिकको ५० प्रतिशत भुक्तानी गर्नुपर्ने पनि निर्णय गरेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/2077-magh-15-19-falgun-06

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|---|
| नेपाली | ३,३४,४५१ | ७१,१९३ | २६,००० | ४,०६,९१७ | २,२४,९०५ | १७,०५७ | ५००,००० | ३८,८६२ |
| संक्रमित | ३,७५,००६ | १,८४,०९० | ११७,८०९ | १,६०,४२६ | ३,७०,४२५ | १,३९,३६२ | २,८३,५६९ | ८७,३२४ |
| नेपाली संक्रमित | ५,८०० | २,३५० | ४५१ | २८,२५० | ५,३५० | ३०० | २१०० | २९ |
| मृत्यु भएका नेपाली | ८८ | १२ | ३ | १८ | ३९ | १ | १ | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Sharmik Sanjal

## यूएईमा अनलाईबाटै राहदानी नविकरण तथा नयाँ राहदानी बनाउन सकिने

यूएईमा रहेको नेपाली दुतावासले आफ्ना सेवाग्राहीलाई दुतावासमा नआए पनि राहदानी नविकरण र नयाँ राहदानी बनाउने सुविधा दिने भएको छ । यसका लागि अनलाईन भरेको फारममा फोटो टाँसेर अन्य चाहीने कागजातहरु कुरियर गर्न सकिने छ । त्यसै गरेर, दुतावासको बैंक खातामा लाग्ने दस्तुर तिर्न सकीने छ ।

**राहदानीको नविकरण तथा पाना सकिएको राहदानीका लागि संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु निम्नानुसार रहेकाछन्:**

१. सही तरिकाले भरेर प्रिन्ट गरेको दुई प्रति फाराम ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
(नागरिकताको प्रतिलिपीमा अनिवार्य रुपमा सक्कल वमोजिम नक्कल ठिक छ लेखी हस्ताक्षर गरेको हुनुपर्ने छ)
३. हालको सक्कल राहदानी र त्यसको प्रतिलिपी ।
४. पासपोर्ट साइजको तोकिएबमोजिमको २ प्रति फोटो ।
५. यूएइको Valid Visa को कपी ।
६. २०० दिराम राजस्व शुल्क बैंक दाखिला गरेको निस्सा ।




साथै,

हराएको राहदानीको सट्टामा, बिग्रिएको वा च्यातिएको नयाँ बनाउनुपरेमा, नाबालकको राहदानी बनाउनुपरेमा अलगअलग काजगातहरु चाहिन्छन् । यसको लागी चाहिने कागजातहरु लगायत यसको बारेमा विस्तृतमा जानकारी लिन नेपाली दुतावासको वेवसाईड ae.nepalembassy.gov.np मा हेर्न सकीन्छ ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**
रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**
रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**
रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**
रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**
रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi

accountabilitylab NEPAL

# फ्रन्टलाईनर्स भोईसेस



## लक्ष्मी दनुवार

उप-प्रमुख, पाँचखाल नगरपालिका, काभ्रे

"अहिले कोरोनाको खोप स्वास्थ्यकर्मी, जनप्रतिनिधी, फ्रन्टलाइनमा काम गर्नेहरूलाई लगाउन शुरु गरेसँगै सबैमा उर्जा थपिएको छ । शुरुवातमा हल्लाम(ात्रै धेरै भएकाले अन्यौलताको बिचमा क्वारेन्टाइन तथा आइसोलेशन बनाउन सफल भएका थियौं । आइसोलेशनमा पाँचखालका मात्र नभएर, छिमेकी पालिका मण्डनदेउपुर, भुम्लु र चौरीदेउरालीका कोरोना संक्रमितलाई पनि राखेर उपचार गराउन सफल भयौं । अहिलेको बिषम परिस्थितीमा पनि जनतासँग साक्षात्कार गर्दै अघि बढेका छौं । एम्बुलेन्सलाई तयारी अवस्थामा राखेर सकेसम्म सबैलाई उत्कृष्ट सेवा पुऱ्याउने काममा निरन्तर लागेका छौं । हामी  जनताको सेवक भएकाले जनताको समस्यामा निरन्तर काम गरिरहेका छौं ।"

## गोकुल कुमार दर्लामी

स्वास्थ्य सहायक, घर्तीछाप स्वास्थ्यचौकी, काभ्रे



"काभ्रेकै सबैभन्दा विकट गाँउपालिकामा पर्ने महाभारतमा कोभिडको समयमा सही सूचना, उपचार, क्वारेन्टाइन, आइसोलेशन बनाउनु निक्कै गाह्रो थियो । नाकाहरुबाट मानिसहरुरुको प्रवेश एक्कासी बढ्ने भएकाले  गाउँपालिकाले मान्छे भित्रिनसक्ने स्थानहरुमा क्वारेन्टाइनसँगै ज्वरो नाप जाँच गर्ने स्थान बनाएको थियो । अहिले अरु क्षेत्र सामान्य भएपनि हामीलाई सामान्य अवस्थामा आउन अझै समय लाग्ने देखिएको छ । हामीले अहिले पनि सचेतना कार्यक्रम गरिरहेका छौं । मापदण्ड पालना गराइरहेका छौं ।"



## पुरुषोत्तम कर्माचाय

वडा सदस्य, पनौती नगरपालिका, काभ्रे

"हामीले शुरुमै त्यहाँका आर्थिक अवस्था कमजोर भएका व्यक्तिको पहिचान गरेर समानुपातिक रुपमा राहत सामाग्री वितरण गरेका थियौं । विशेष गरेर गर्भवती महिलाहरुको स्वास्थ्यलाई विशेष ध्यान दियौं । उनिहरुलाई पौष्टिक आहार, नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्नुका साथै बर्थिङ सेन्टर चलाएसँगै काभ्रेमै धेरै बर्थिङ हुने केन्द्रको रुपमा विकास भएको छ । कोभिडको कारणले हामीले हाम्रो वडामा अस्पतालको आवश्यकता भएको महसुस गरी नगरको समन्वयमा आयुर्वेदिक अस्पताल निर्माणको कार्य अघि बढाएका छौं । यसमा सबै जनप्रतिनिधीले पनि साथ दिएकाछन् ।"

# रेडियो कार्यक्रम पद्धती तालिका

## रेडियो कार्यक्रम पद्धती
संरचना सबैका लागि

रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219